शान्तिनगर गाउंपालिका
गाउंकार्यपालिकाको कार्यालय
चिराघाट,दाङ
लुम्बिनी प्रदेश,नेपाल

## आषाधे तथा औषधि जन्य सामाग्री खरिद सम्बन्धि बोलपत्र आब्हवानको सुचना !

प्रथम पटक सुचना प्रकाशित मिती २०८०/०६/११ गते

यस शान्तिनगर गाउपालिका दाङ अन्तर्गतका स्वास्थ्य संस्थाहरूका लागि आबश्यक पर्ने औषधि बोलपत्र द्वारा खरिद गर्नु पर्ने भएको हुँदा योग्यता पुगेको ईच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/सप्लायर्स/ब्याबसायीहरू बाट निम्न सर्तको अधिनमा रहि बोलपत्र पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ ।

शर्तहरू

१. यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र यस शान्तिनगर गाउँपालिकाको, कार्यालय दाङबाट प्रत्येक बोलपत्र फारामका लागी रु ३०००।०० (अक्षरुपी तिन हजार मात्र) बोलपत्र खरिद दस्तुर बुझाई (पछि फिर्ता नहुने गरी) बोलपत्र खरिद गर्ने निवेदनका साथ ब्यवसायी प्रमाणपत्र, नबिकरण प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र, तथा आ.व. ०७९/०८० को कर चुक्ता प्रमाणपत्रको सक्कलै स्क्यान अथवा नोटरी द्वारा प्रमाणित प्रतिलिपि पेश गरी, PPMO को WEBSITE www.bolpatra.gov.np/egp बाट प्रकृया पुर्याई विद्युतीय खरिद प्रणाली (E- Bidding) गर्न सकिनेछ र E-Bidding का लागि नेपाल ईन्भेष्टमेन्ट बैंक,शान्तिनगर शाखामा रहेको शान्तिनगर गाउँपालिकाको आन्तरिक राजश्व खाता नं (ग १.१) ०७७०१४००२५०१०८ (for bid document cost) मा जम्मा गरेको सक्कल भौचर स्क्यानिङ्ग गरी राख्नुपर्नेछ र बोलपत्र विद्युतिय खरिद प्रणालीवाट मात्र खरिद गर्नुपर्नेछ ।

२. विद्युतीय खरिद प्रणालीवाट खरिद भएका बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० वजे भित्र यस कार्यालयको नाममा सम्वोधन गरि कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई आधिकारीक सहि र फर्मको छाप लगाई उल्लेखित वेवसाइटवाट मात्र दर्ता गराउनु पर्नेछ ।

३. विद्युतीय खरिद प्रणालीवाट मात्र दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा शान्तिनगर गाउँपालिकाको कार्यालयमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

४. बोलपत्रदाता ले तोकिए बमोजिम धरौटी रकम नेपाल ईन्भेष्टमेन्ट बैंक शान्तिनगर ४ जुम्लेकुला स्थीत शान्तिनगर गाउपालिकाको कार्यालयको नाममा रहेको बैंक धरौटी खाता नं. ०७७०१४००२५००३० मा जम्मा गरेको बैंक भौचर वा सो बराबरको बोलपत्र खोलिने अन्तिम मितीले १२० दिन म्याद भएको बैकं ग्यारेण्टी पेस गर्नुपर्ने छ ।

५. बोलपत्र खरीद तथा दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदाको पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । एक फर्मको नाममा खरिद गरेको बोलपत्र फारम अर्को ब्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

६. बोलपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रूपमा लेखिएको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउमा सहीछाप गरेकको हुनुपर्नेछ साथै प्रत्येक औषधिको उत्पादक कम्पनी अनिबार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।

७. औषधि खरिद गर्दा WHO GMP Certified Company बाट उत्पादित औषधिमात्र खरिद गरिनेछ । बोतलमा सप्लाईहुने औषधिहरू प्लास्टिक बोतलमा र चक्कीहरू स्ट्रिपमा हुनुपर्नेछ । सप्लाईहुने औषधिहरूको प्रत्येक प्याकिङको बाहिर र बोतल, चक्कीहरूको स्ट्रिपमा उत्पादन मिती, स्याद गुज्रने मिति, ब्याच नं. तथा Supply for Ministry of Health and Population Nepal (यो औषधि/सामान बिक्रिको लागी होईन) भन्ने बाक्यांस लेखिएको हुनुपर्नेछ ।

८. औषधि दाखिलाहुन आउदा सम्म औषधिको म्याद कम्तिमा ७५% बाँकी हुनुपर्नेछ ।

९. बोलपत्रमा पेश गरेको मूल्य यस आ.ब.को लागि भएकोले २०८१ असाढ मसान्त सम्म कुनै प्रकारको मुल्य बृद्धिलाई स्विकार गर्न सकिनेछैन ।

१०. बोलपत्रमा माग गरिएको परिमाण थपघट गर्ने, बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. बोलपत्र फारममा प्रत्येक औषधिको आइटम वाइज उत्पादक कम्पनिको नाम भर्नुपर्नेछ र हरेक औषधिको उत्पादक WHO GMP CERTIFIED भएको प्रमाण अनिबार्य रूपमा पेश गर्नुपर्नेछ । साथै औषधि बिक्रि बितरण दर्ता प्रमाणपत्र, उत्पादन अनुज्ञापत्र, बिदेशी औषधिकोहकमा Letter of Recommendation For Import of Drug आदि प्रमांणहरू पनि पेश गरेको हुनुपर्नेछ । यसरी सम्पुर्ण बिबरण पेश नभएको फर्मको बोलपत्र मूल्याङन प्रकृयामा समाबेश गरिनेछैन ।

१२. सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार बोलपत्रदाताले खरिद कारबाहिमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको पेशा वा ब्यबसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रूपमा स्वयं घोषणा गरेको पत्र पेश गर्नुपर्नेछ ।

१३. यस सुचनामा छुटहुन गएका अन्य कुराहरू सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियमानुसार हुनेछ ।

| सि.नं. | बोलपत्र नं. | कामको बिबरण | अनुमानित ल.ईअ.(भ्याट सहित) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१ | औषधि तथा औषधिजन्य सामग्री खरिद | २,७९,००००।०० | ८०,०००।०० | |

प्रमुख प्रशासकिय अधिकृत